मितिः२०८२-०४-१८ बैठक संख्याः१

प्रस्तावहरुः

१. कार्यपालिका सदस्यको गणपुरक संख्या सम्बन्धमा ।
२. सियारी गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक कार्ययोजना सम्बन्धमा ।
३. आ.व.२०८१/०८२ को वार्षिक समीक्षा सम्बन्धमा ।
४. सियारी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।
५. स्थानीय दररेट स्वीकृत सम्बन्धमा ।
६. बनघुसरी हाट बजारको आय ठेक्काको न्यूनतम रकम कायम तथा बजार स्तरोन्नती गर्दा निस्किएका फलामजन्य सामाग्रीको लिलाम बिक्रि सम्बन्धमा ।
७. स्थानीय शासन कार्यसम्पादन मूल्याकंन प्रणाली (LGPAS) को जानकारी सम्बन्धमा ।
८. स्थानीय भवन संहिता सम्बन्धमा ।
९. सियारी-७ भर्थापुर बस्ने रेयाकत अलिले पेश गर्नुभएको निवेदन बमोजिम तिनाउ नदी किनारबाट उत्खनन गर्नेलाई कारवाही सम्बन्धमा ।
१०. कृष्ण मन्दिर समिति, सियारी-४, कृष्णपुरले पेश गरेको आर्थिक सहयोग माग सम्बन्धी पत्र ।
११. सहकारीहरुको अनुगमन सम्बन्धमा ।
१२. बाल कल्याण अधिकारी तोक्ने सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा कार्यपालिका सदस्यको गणपुरक संख्या पुरा भएकोले आजको कार्यपालिका बैठक संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा बैठकमा पेश भएको सियारी गाउँपालिकाको आ.व.२०८२/०८३ को संलग्न बमोजिमको वार्षिक कार्ययोजना स्वीकृत गरी सोही अनुरुप कार्य सम्पादन गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा सियारी गाउँपालिकाको आ.व.२०८१/०८२ को वार्षिक समीक्षा कार्यक्रम २०८२ श्रावण २३ गते शुक्रबार बिहान १०:०० बजेदेखि संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४. प्रस्ताव नं ४ माथि छलफल गर्दा लुम्बिनी प्रदेश स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ५ मा व्यवस्था भए बमोजिम सियारी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने भएकोले ऐ. नियमावली, २०८१ को नियम १३ बमोजिमको समितिमा समितिका संयोजकले नै विज्ञको रुपमा तोक्ने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं ५. प्रस्ताव नं ५ माथि छलफल गर्दा सियारी गाउँपालिकाको आ.व.२०८२/०८३ को संलग्न बमोजिमको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ६. प्रस्ताव नं ६ माथि छलफल गर्दा सियारी गाउँपालिका वडा नं ५ मा रहेको बनघुसरी हाटबजारबाट आय ठेक्का बन्दोबस्तीको लागि मितिः२०८२/०३/१३ मा प्रथम पटक र मितिः२०८२/०३/२९ गते पुनः दोस्रो पटकसम्म शिलबन्दी दरभाउपत्र आह्वान गरिएकोमा कुनै पनि शिलबन्दी दरभाउपत्र पर्न नआएकोले उक्त हाटबजारबाट आन्तरिक आय संकलनको लागि चालु आ.व.को १ महिना व्यतित भैसकेको हुँदा साविक बमोजिमको मूल्य रु.२,२५,०००/ मा ४ हप्ताको रु.१०,०००/ घटाई हुन आउने रकम रु.२,१५,०००/ भ्याट सहित कायम गर्न राजश्व परामर्श समितिबाट सिफारिस भएकोले सोही अनुरुप रकम कायम गरी पुनः शिलबन्दी दरभाउपत्र आह्वान गर्ने निर्णय गरियो । साथै आ.व.२०८१/०८२ मा सियारी-५ मा रहेको बनघुसरी कृषि उपज हाटबजार स्तरोन्नती गर्दा पुराना सेडहरुबाट निस्किएका सि.जि.आई. सिट र फलामे पाइप लिलाम गरी बिक्रि गर्नुपर्ने भएकोले भ्याट सहित रु.७०,०००/ न्यूनतम रकम कायम गरी शिलबन्दी लिलाम बढाबढ सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्ताव नं ७ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA), स्थानीय तह वित्तीय जोखिम मूल्यांकन प्रणाली (FRA) र स्थानीय आर्थिक विकास मूल्यांकन प्रणाली (LED) लाई एकीकरण तथा परिमार्जन गरी स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) निर्माण गरिएकोले आ.व.२०८१/०८२ को मूल्यांकन कार्य समेत सोही प्रणाली मार्फत गर्ने गराउने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्राप्त पत्रानुसार स्थानीय शासन कार्यसम्पादन मूल्यांकन (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०८२ एंव स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) का सूचक सम्बन्धमा सम्पूर्ण सदस्यलाई जानकारी गराई सोही अनुरुप कार्य गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं ८. प्रस्ताव नं ८ माथि छलफल गर्दा सियारी गाउँपालिका अन्तर्गत निर्माण भएका तथा निर्माण हुने आवास अभिलेखीकरण तथा व्यवस्थापनको लागि स्थानीय भवन संहिता तर्जुमा गरी आगामी कार्यपालिका बैठकमा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ९. प्रस्ताव नं ९ माथि छलफल गर्दा सियारी-७ भर्थापुर बस्ने रेयाकत अलिले पेश गर्नुभएको निवेदन बमोजिम तिनाउ नदी किनारबाट नदीजन्य पदार्थ उत्खनन कार्यमा संलग्न उल्लेखित व्यक्तिलाई गाउँपालिकामा बोलाई छलफल गर्ने र आवश्यक कारवाही प्रकृया प्रारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं १०. प्रस्ताव नं १० माथि छलफल गर्दा कृष्ण मन्दिर समिति, सियारी-४, कृष्णपुरले कृष्ण जन्माष्टमिको अवसरमा संचालन गर्ने भजन किर्तन प्रतियोगिताको लागि रु.५०,०००/ आर्थिक/सामाजिक सहायता शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ११. प्रस्ताव नं ११ माथि छलफल गर्दा सियारी गाउँपालिका अन्तर्गत संचालित कृषि तथा बचत सहकारीहरुको अनुगमनको लागि अनुगमनको निश्चित मापदण्ड तयार गरी ३ महिनाभित्र प्रतिवेदन पेश हुने गरी देहायको समिति गठन गर्ने निर्णय गरियो ।
तपसिलः
संयोजक – सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधी

मितिः२०८२-०४-१८ बैठक संख्याः१

सदस्य – सहलेखापाल भानुभक्त नेपाल
सदस्य – लेखापाल मैनहिया मा.वि.
सदस्य – लोकनाथ अधिकारी
सदस्य – चन्द्र बहादुर जि.सी.
सदस्य – सहकारी संजालका सदस्यहरु
सदस्य सचिव – सामाजिक परिचालक लक्ष्मी खत्री

निर्णय नं. १२. प्रस्ताव नं १२ माथि छलफल गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ को उपदफा (१) मा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि स्थानीय तहमा एक जना बाल कल्याण अधिकारी रहने व्यवस्था बमोजिम बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८१ को उपनियम (४) अनुसार ज्येष्ठ नागरिक, महिला, बालबालिका तथा अन्य लक्षित वर्ग इकाईमा कार्यरत सहायक महिला विकास निरीक्षक अनुसुया ढकाल तिवारीलाई बाल कल्याण अधिकारी तोक्ने निर्णय गरियो ।